# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०८।०५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

----------------------------------------------

नेपाल विद्युत प्राधिकरण, सखुवा वितरण केन्द्र महेन्द्रनगर, जनकपुरमा फोरमेन पदमा कार्यरत बिमलदेवी शर्माको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त गरेको मध्यमा (S.L.C) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी इलेक्ट्रिसियन तह-३ पदमा नियुक्ति लिइ तह-४ फोरमेन पदमा बढुवा समेत भई सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता